# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

प.सं.-२०८१/०८२
च.नं. २८६ (प्रशासन)

कोशी प्रदेश, नेपाल

२०७३ बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

मितिः २०८१/०६/०२
ने.सं. -११४४ ञलाथ्व पुन्हि

**विषयः संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धमा ।**

श्री सम्पूर्ण बेलका नगरबासी दिदीबहिनी तथा दाजुभाइहरू,
नमस्कार ।

संवत २०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जननिर्वाचित संविधान सभाबाट जारी भएको व्यहोरा स्मरण गराउँन चाहान्छौं । सोहि संविधानको जगमा हालको संघीय लोकतान्त्रिक व्यवस्था सम्भव भएको हो । मुलुकलाई हालसम्मको अवस्थामा पुऱ्याउन विभिन्न अग्रगामी लोकतान्त्रिक परिवर्तनका क्रममा आफ्नो जीवन आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूलाई स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

गृह मन्त्रालयको च.नं. १०८, मिति २०८१/०५/११ को संविधान तथा राष्ट्रिय दिवस मनाउने सम्बन्धी पत्रानुसार तथा बेलका नगरपालिका, संविधान दिवस तथा राष्ट्रिय दिवस कार्यक्रम आयोजक समितिको निर्णयानुसार संविधान दिवस मनाउने सन्दर्भमा निम्नानुसार गर्न, गराउन हुन हार्दिक अनुरोध गर्दछौं ।

१. असोज २, ३ र ४ गते बेलका नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघसंस्थाका कार्यालयहरूको छत, बरण्डा र परिषरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने,
२. सम्पूर्ण बेलका नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूले आ-आफ्नो घरको छत, बरण्डामा राष्ट्रिय झण्डा राखी सजाउने र असोज ३ गते साँझ दिपावली गर्ने,
३. सार्वजनिक सवारी साधनहरूमा राष्ट्रिय झण्डा फहराउने ।

| | | |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| रवि किरण आचार्य | जिरा राई | अशोक कार्की |
| नि. प्रमुख प्रशासकीय अधिकृत | नगर उपप्रमुख | नगर प्रमुख |
| नि. प्रमुख प्रशासकीय अधिकृत | जिरा राई नगर उप प्रमुख | अशोक कार्की नगर प्रमुख |

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430112, 430113,,430116,9852835479